आज मिति २०७७ वैशाख ३० गते मंगलबारका दिन यस चौरजहारी नगरपालिका नगर शिक्षा समिति का अध्यक्ष तथा नगर प्रमुख, श्री विशाल शर्मा ज्यूको अध्यक्षतामा नगर शिक्षा समितिको बैठक तपसिलको उपस्थितिमा बसी निम्न प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति

श्री विशाल शर्मा - अध्यक्ष

श्री राम बहादुर के.सी. - सदस्य

श्री कर्ण बहादुर घर्ती - सदस्य

श्री गोपाल भण्डारी - सदस्य

श्री टंकप्रसाद ओली - सदस्य

श्री देवी खड्का - सदस्य

श्री सपना कार्की - सदस्य

श्री भीमबहादुर ओली - सदस्य

श्री यदु राना - सदस्य

श्री सुदास स्वर्णकार - सदस्य

श्री सुनिता ओली डाँगी- सदस्य

श्री यामराज मल्ल - सदस्य

श्री दिलिप कुमार सोनी - सदस्य सचिव

आमन्त्रित

श्री राधा रोका - नगर उपप्रमुख

श्री टिकाजंग ओली - प्रा.स.

श्री गोपाल पोखरेल - स्रोतव्यक्ति

## प्रस्तावहरु

१. कक्षा तह घटाइएका सामुदायिक विद्यालयहरुका स्थायी तथा राहत दरवन्दी मिलान सम्बन्धमा ।
२. सामुदायिक विद्यालयहरुमा नगर करार शिक्षकको रुपमा कार्यरत शिक्षकहरुको लकडाउन तथा विद्यालय बन्द रहेको अवधीभरको तलब भत्ता कटौती गर्ने सम्बन्धमा ।
३. सामुदायिक विद्यालयहरुका शिक्षक कर्मचारीहरुको शिक्षा ऐन र शिक्षा नियमावलीमा उल्लेखित मापदण्ड अनुसार स्थायी, करार र नगर शिक्षक दरबन्दी कायम गर्ने सम्बन्धमा ।
४. कक्षा तह घटाईएका एवम् शिक्षा ऐन र नियमावली अनुसार दरबन्दी व्यवस्थापन गर्दा फाजिलमा परेका नगर करार शिक्षकहरुको व्यवस्थापन सम्बन्धमा ।
५. शिक्षा ऐन, शिक्षा नियमावली र प्रचलित कानूनमा कहिँकतै पनि दरबन्दी उल्लेख नभएका नगरबाट सिर्जना गरिएका दरबन्दीहरु (विद्यालय कर्मचारी, विज्ञान प्रयोगशाला सहायक) को कानूनी र नीतिगत आधार एवम् अबको कार्यदिशा तय गर्ने सम्बन्धमा ।
६. स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक शत्र, २०७७ देखि लागू गर्ने सम्बन्धमा ।
७. विविध ।

## निर्णयहरु

**निर्णय नं. १ :-** (क) प्रस्ताव नं. १ मा व्यापक छलफल गर्दा नगर कार्यपालिकाको मिति २०७७।०१।२१ गतेको निर्णयानुसार कक्षा तह घटाईएका विद्यालयमा रहेका स्थायी तथा राहत दरबन्दी देहाय बमोजिम मिलान गर्ने निर्णय गरियो ।

| क्र.सं. | कक्षा तह घटाइएको विद्यालयको नाम र ठेगाना | फाजिलमा परेको दरबन्दी | दरबन्दी संख्या | दरबन्दी मिलान गरी पठाईएको विद्यालयको नाम, ठेगाना र संख्या |
|---|---|---|---|---|
| १. | श्री बालकल्याण आ.वि. पेदीखोला | स्थायी | ३ | १. श्री आधारभूत विद्यालय मानाकोटमा —२<br>२. श्री आधारभूत विद्यालय घर्तिकाँडामा —१ |
| २. | श्री समाजसेवा आ.वि. दोभानखोला | राहत | २ | १. श्री जनआस्था आ.वि. पुरानापानीमा —१<br>२. श्री आधारभूत विद्यालय लहरेसिमलमा —१ |
| ३. | श्री कालिका आ.वि. मूलज्यूउँला | राहत | १ | श्री जनसेवा आ.वि. जुम्लीपोखरी —१ |

(ख) शिक्षक दरवन्दी मिलानको कारण फाजिल परेका स्थायी तथा राहत दरवन्दीहरु देहाय बमोजिम व्यवस्थापन गर्ने निर्णय गरियो ।

| क्र.सं. | दरवन्दी घटाइएको विद्यालयको नाम र ठेगाना | फाजिलमा परेको दरबन्दी | दरबन्दी संख्या | फाजिल दरबन्दी मिलान गरी पठाईएको विद्यालयको नाम, ठेगाना र संख्या |
|---|---|---|---|---|
| १. | श्री शितल मा.वि. चौरजहारी | राहत (नि.मा.वि.तह) | १ | श्री जनकल्यान मा.वि. सानाखोला–१ |
| २. | श्री मा.वि. कोटजहारी | राहत (प्रा.वि.) | १ | श्री जनप्रिय आ.वि. लामिछानेगाउँ –१ |
| ३. | श्री सरस्वति मा.वि. घरेलीचौर | राहत (प्रा.वि.) | १ | श्री बालहित मा.वि. साक्चाखोला –१ |
| ४. | श्री आ.वि. नाखिरा | स्थायी (प्रा.वि.) | २ | १. श्री कालिका आ.वि. लयाँटा –१<br>२. श्री मालिका आ.वि. अमलाटाकुरा –१ |
| ५. | श्री आ.वि. नाखिरा | राहत (नि.मा.वि.) | १ | श्री जनकल्यान मा.वि. खागल –१ |

(ग) कक्षा तह घटाईएका विद्यालयमा कार्यरत नगर करार शिक्षकहरुलाई हाल धन्यवाद सहित बिदाई गर्ने र पछि कुनै सामुदायिक विद्यालयहरुमा कुनै दरबन्दी रिक्त रहेको खण्डमा विषय मिल्ने गरी ती शिक्षकहरुलाई व्यवस्थापन गर्दै जाने ।

(घ) माथि खण्ड (क) र (ख) मा उल्लेखित दरबन्दी मिलान भएको पदमा कार्यरत शिक्षकहरुलाई नगर शिक्षा, युवा खेलकूद शाखाले दरबन्दी मिलान भई गएको विद्यालयमा पदस्थापन गराउने ।

**निर्णय नं. २ :-** प्रस्ताव नं. २ मा व्यापक छलफल गर्दा कोरोना भाइरसको विश्वव्यापी महामारीको कारण मिति २०७६।१२।११ गतेदेखि मिति २०७७।०२।०५ गतेसम्म लकडाउन घोषणा भई सम्पूर्ण विद्यालयहरु बन्द रहेको, तत्काल पठनपाठन सञ्चालन हुने कुनै संभावना नरहेको, नगरपालिकाको बजेट कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको लागि खर्च गर्नुपर्ने परिस्थिति सिर्जना भएको, कोरोना भाइरसको कारण घोषित लकडाउनले नगरपालिकामा संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने प्रक्षेपण अनुसारको राजश्व बाँडफाँड वापतको रकम लक्ष्य अनुसार प्राप्त हुने संभावना नरहेको, आन्तरिक राजश्व वापत संकलन हुने रकम समेत लक्ष्य अनुसार प्राप्त हुने अवस्था नरहेको सन्दर्भमा नगरपालिकाबाट सिर्जित नगर करार शिक्षक दरवन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई मिति २०७७।०१।०१ गतेदेखि लागू हुने गरी लकडाउन तथा विद्यालय बन्द रहने अवधिभरको करार सम्झौता अनुसारको तलब भत्ता भुक्तानी नदिई कटौती गर्ने निर्णय गरियो । साथै

लकडाउन अवधि समाप्त भई विद्यालयहरु सामान्य अवस्था भई सञ्चालन भएको खण्डमा मात्र नगर करार शिक्षक पदमा कार्यरत शिक्षक कर्मचारीहरुलाई पुनः करार सेवामा निरन्तरता दिई सम्झौता अनुसारको तलब भत्ता उपलब्ध गराउने र पुनः सेवामा आवद्ध गराउँदा हालसम्म निजहरुको कार्यसम्पादनस्तर, विद्यार्थी उत्तिर्ण दर र विद्यार्थीहरुको सिकाई उपलब्धी समेतलाई विश्लेषण गरी शिक्षा, युवा तथा खेलकूद शाखाले करार अवधि थप्ने वा रद्द गर्ने निर्णय लिने ।

**निर्णय नं. ३ :-** (क) प्रस्ताव नं. २ मा व्यापक छलफल गर्दा नगरपालिकाका सामुदायिक विद्यालयहरुमा शिक्षा ऐन, नियमावली र सो अन्तर्गत बनेका मापदण्डहरु समेतको आधारमा न्यूनतम शिक्षक दरबन्दी र विद्यार्थी सङ्ख्याको आधारमा थप शिक्षक दरबन्दी कायम गर्नुपर्ने देखिएकोले सामुदायिक विद्यालयहरुको स्थायी, राहत, नगर करार शिक्षकहरुको दरबन्दी अनुसूची -१ मा उल्लेख भए अनुसार कायम गर्ने निर्णय गरियो । साथै विद्यालय अनुगमन तथा प्रतिवेदनलाई नियमित बनाई विद्यालयमा अध्ययनरत बास्तविक विद्यार्थी सङ्ख्याको आधारमा मात्र न्यूनतम दरबन्दी बाहेक थप दरबन्दी कायम गर्नुपर्ने वा घटाउनुपर्ने अवस्थामा शिक्षा ऐन, नियमावली र स्वीकृत मापदण्डमा उल्लेख भए अनुसार दरबन्दीमा हेरफेर गर्ने निर्णय गरियो ।

(ख) अनुसूची -१ मा उल्लेख भए भन्दा बढि संख्यामा कुनैपनि सामुदायिक विद्यालयहरुले दरवन्दी सिर्जना गरी शिक्षक भर्ना गर्न नपाईने । यदि कुनै विद्यालयमा सिर्जित दरवन्दीभन्दा बढि संख्यामा शिक्षक आवश्यक पर्ने भएमा सोको कारण, आधार र औचित्य पुष्टि हुने प्रमाणसहित विद्यालय व्यवस्थापन समितिको निर्णय गराई थप दरवन्दीको लागि विद्यालयले नगरपालिकामा लेखि पठाउने र नगरपालिकाले शिक्षा, युवा तथा खेलकूद शाखा मार्फत प्राप्त प्रमाणहरुको सम्बन्धमा छानविन गरी नगर शिक्षा समितिमा पेश गरी नगर शिक्षा समितिको निर्णयानुसारमात्र दरवन्दी थप गर्ने वा नगर्ने सम्बन्धी निर्णय हुने । कुनै विद्यालयले आफूखुसी दरवन्दी सिर्जना गरेको खण्डमा नगरपालिकाबाट सिर्जित नगर करार शिक्षक दरवन्दी कटौती गरी विद्यालयहरुलाई दिईने अनुदान समेत रोक्का राख्ने ।

**निर्णय नं. ४ :-** प्रस्ताव नं. ४ मा व्यापक छलफल गर्दा शिक्षा ऐन, नियमावली र मापदण्डमा कहिँकतै पनि उल्लेख नभएका नगरबाट सिर्जना गरिएका विद्यालय कर्मचारी, विज्ञान प्रयोगशाला सहायक जस्ता दरबन्दीहरुमा कार्यरत शिक्षक कर्मचारीहरुलाई विद्यालयको सिर्जित दरबन्दीमा स्थानान्तरण गरी मिलान गर्ने निर्णय गरियो । साथै विद्यालयहरुमा (आधारभूत तह संचालित) त्यस्ता दरबन्दी आवश्यक पर्ने भएको खण्डमा सिर्जित शिक्षक दरबन्दी सङ्ख्याभन्दा बढी नहुने गरी व्यवस्थापन गर्न शिक्षा ऐन, नियमावली र मापदण्डमा कानूनी व्यवस्था गरी आवश्यकता र औचित्यता दुवैको विश्लेषण गरेरमात्र निर्णय लिने । हाल त्यस्ता दरबन्दीमा कार्यरत करार कर्मचारीहरुलाई विद्यालयको स्वीकृत नगर करार शिक्षक दरबन्दीमा संभव भएसम्म व्यवस्थापन गर्ने । गणित, विज्ञान र अङ्ग्रेजी विषयको हकमा एवम् त्यस्ता विषय अध्ययन गरेका जनशक्तिलाई आधारभूत तथा माध्यमिक तहमा खुला प्रतिस्पर्धात्मक परीक्षाबाट नगर करार शिक्षकमा भर्ना गर्न अध्यापन

अनुमतिपत्र हुनुपर्ने व्यवस्थालाई बाध्यकारी नबनाउने । नगर शिक्षा ऐन, नगर शिक्षा नियमावली र करारमा शिक्षक भर्ना सम्बन्धी मापदण्डमा समेत सो व्यवस्था गर्न नगर कार्यपालिकामा सिफारिस गर्ने ।

**निर्णय नं. ५ :-** निर्णय नं. ३ अनुसार दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा फाजिल हुने नगर करार शिक्षकहरुलाई हाललाई धन्यवादसहित विदाई गर्ने । पछि कुनै विद्यालयमा दरबन्दी रिक्त भएमा ती शिक्षकहरुलाई विषय, शैक्षिक योग्यता, अनुभव र कार्यसम्पादनस्तर समेतलाई विश्लेषण गरी नियुक्त गर्न सकिने । यसको लागि शिक्षा, युवा तथा खेलकूद शाखाले निश्चित मापदण्ड र आधार तय गरी योग्यताक्रम समेत निर्धारण गरिएको सूची तयार गर्ने । फाजिल भई सेवा करार अवधि रद्द हुने शिक्षकहरुको सूची तयार गर्दा सामुदायिक विद्यालयमा कार्यरत सबै नगर करार शिक्षकहरुको अनुसूची २ मा उल्लेखित मापदण्डको आधारमा योग्यताक्रमको सूची तयार पार्ने र सबैभन्दा कम योग्यताक्रमदेखि क्रमशः फाजिल संख्या बराबर नगर करार शिक्षकहरुको करार सम्झौता मिति २०७७ बैशाख १ गतेदेखि लागू हुने गरी रद्द गर्ने ।

**निर्णय नं. ६ :-** निर्णय नं. ३ अनुसार दरबन्दी व्यवस्थापन तथा मिलान गरिसकेपछि शिक्षा ऐन, नियमावलीमा उल्लेखित प्रावधानहरुको आधारमामात्र शिक्षा, युवा तथा खेलकुद शाखाले नगर प्रमूख र प्रमुख प्रशासकीय अधिकृतसँग आवश्यक परामर्श र समन्वय गरी मिल्दो पद र विद्यालयमा मात्र शिक्षकहरुको सरुवा वा कामकाजमा खटाउने व्यवस्था मिलाउने । यसअघि कामकाज गर्न खटाईएका शिक्षकहरुलाई समेत शिक्षा ऐन र नियमावलीमा उल्लेखित प्रावधानको आधारमामात्र सरुवा वा कामकाजमा खटाउन सरुवा पुनरावलोकन गर्ने ।

**निर्णय नं. ७ :-** प्रस्ताव नं. ६ मा व्यापक छलफल गर्दा शैक्षिक शत्र, २०७७ देखि सबै सामुदायिक विद्यालयहरुमा स्थानीय पाठ्यक्रम लागू गर्ने । यसै शैक्षिक शत्रदेखि स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्न यसअघि पनि समिति निर्माण भई पक्रिया अगाडी बढाईएकोमा उक्त कार्यले गति नलिएको पाईएकोले नगरपालिकामा स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्न आवश्यक प्रक्रिया अगाडी बढाउन शिक्षा, युवा तथा खेलकूद शाखालाई जिम्मेवारी दिने । स्थानीय पाठ्यक्रम निर्माणको लागि आवश्यक सहजीकरण गर्न देहाय बमोजिमको स्थानीय पाठ्यक्रम निर्माण तथा सहजीकरण समिति गठन गर्ने :-

(क) नगर प्रमुख श्री बिशाल शर्मा - संयोजक
(ख) नगर उपप्रमुख श्री राधा रोका - सदस्य
(ग) प्रमुख प्रशासकिय अधिकृत श्री रामबहादुर के.सी. - सदस्य
(घ) हिमालय मा.वि. प्र.अ. श्री भीमबहादुर ओली - सदस्य
(ङ) शितल मा.वि. प्र.अ. श्री यदु राना - सदस्य
(च) संस्थागत विद्यालयको तर्फबाट श्री यामराज मल्ल - सदस्य
(छ) समाजसेवी, बुद्धिजीविहरुको तर्फबाट श्री दिलबहादुर गिरी - सदस्य
(ज) शिक्षा अधिकृत श्री दिलिपकुमार सोनी - सदस्य

(झ) प्रा.स. श्री टिकाजंग ओली - सदस्य सचिव

**निर्णय नं. ८ :-** हाल विभिन्न विद्यालयहरुमा रिक्त दरबन्दीमा खुला प्रतिस्पर्धात्मक परीक्षाबाट छनौट गरी नियुक्ति गर्न विज्ञापन आव्हान गरिएकोमा केही विद्यालयको कक्षा तह घटाई शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा नगर करार शिक्षकहरु विस्थापन हुने देखिएकोले एवम् कक्षा तह घटाउँदा फाजिलमा परेका स्थायी तथा राहत दरबन्दी मिलान गर्दा दरबन्दी मिलान भई जाने विद्यालयमा शिक्षक दरबन्दी बढी हुन गई उक्त विद्यालयमा नगर करार शिक्षकहरु विस्थापित हुने अवस्था सिर्जना भएकोले फाजिल वा विस्थापन भएका नगर करार शिक्षकहरुमध्ये शैक्षिक योग्यता, अनुभव, कार्यरत पदको जेष्ठता, कार्यसम्पादन स्तर र आचरण (सामाजिक विकृति र विसङ्गतिजन्य कार्यहरुमा संलग्न नभएको, उच्च नैतिक चरित्र भएको लगायत) समेतको आधारमा मूल्याङ्कन गरी योग्यताक्रममा अगाडी रहेका शिक्षकहरुलाई त्यस्ता पदमा करार नियुक्ति गर्ने । यसको लागि निर्णय नं. ५ मा उल्लेख भए अनुसार शिक्षा, युवा तथा खेलकूद शाखाले मापदण्ड र आधार तयार गरी योग्यताक्रम सहितको सूची तयार गर्ने र सोही सूची अनुसारमात्र करार नियुक्ति दिने व्यवस्था मिलाउने ।

**निर्णय नं. ९ :-** सामुदायिक विद्यालयहरुमा अध्ययनरत बालबालिकाहरुलाई दैनिक कार्यहरुको टिपोट गर्न तथा टिपोट गर्ने बानीको विकास गराउन Daily Diary उपलब्ध गराउने । Daily Diary खरिद गरी वितरण गर्ने व्यवस्था शिक्षा, युवा तथा खेलकूद शाखाले मिलाउने ।

**निर्णय नं. १० :-** शिक्षा, युवा तथा खेलकूद शाखाले महिनाभरीका शैक्षिक गतिविधि समावेश गरी मासिक रुपमा शैक्षिक बुलेटिन प्रकाशनको व्यवस्था मिलाउने । शैक्षिक बुलेटिन प्रकाशनको लागि नगरपालिकाले आवश्यक बजेट व्यवस्था गर्ने ।

**निर्णय नं. ११ :-** आगामी आर्थिक वर्ष २०७७।०७८ को वार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमाको प्रक्रिया अगाडि बढाईएको सन्दर्भमा शिक्षा समितिका पदाधिकारीहरुले समेत बजेट, नीति तथा कार्यक्रममा समावेश गरिने शिक्षा सम्बन्धी मूलभूत नीति, योजना तथा कार्यक्रम तय गरी मिति २०७७ जेष्ठ २० गतेभित्र नगरपालिकामा पेश गर्ने ।

**निर्णय नं. १२ :-** केही सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार विषय मिलान समेत गर्नुपर्ने देखिएकोले शिक्षा, युवा तथा खेलकूद शाखाले दरवन्दी मिलान अनुसार विषय मिलान गर्न सम्बन्धित विद्यालयको समेत परामर्श लिई विषय मिलान सम्बन्धी प्रस्ताव तयार पारी आगामि शिक्षा समितिको बैठकमा पेश गर्ने । विषय मिलान गर्दा निमावि तथा मावि तहमा गणित, विज्ञान, अङ्ग्रेजी र नेपाली विषयजस्ता अनिवार्य विषयहरुको दरवन्दी कायम हुने गरी स्थायी तथा राहत दरवन्दीमा कार्यरत शिक्षकहरुको समेत व्यवस्थापन गर्ने ।

**निर्णय नं. १३ :-** नगर प्रमुखज्यूको अध्यक्षतामा मिति २०७६।१२।२८ गते बसेको बैठकको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा गठित विद्यालय अनुगमन तथा प्रतिवेदन टोलीले निश्चित मापदण्ड र कार्ययोजना बनाई सबै सामुदायिक तथा संस्थागत

विद्यालयहरुको स्थलगत रुपमा अनुगमन गरी पेश गर्ने प्रतिवेदनमा देहाय बमोजिम विद्यालयहरुको वर्गीकरण समेत गर्ने । वर्गीकरण अनुसार Red Zone मा रहेका विद्यालयहरुले एक शैक्षिक शत्रमा आफ्नो स्थिति सुधार नगरेमा शैक्षिक शत्र, २०७८ मा कक्षा तह घटाउने वा नजिकैको अर्को विद्यालयमा मर्ज गर्ने ।

**विद्यालयहरुको वर्गीकरण**

| क.स. | विद्यालयको वर्गीकरण संकेत | वर्गीकरणका सूचकहरु | कैफियत |
|---|---|---|---|
| १. | R (Red Zone) | भौतिक संरचना जीर्ण रहेको, विद्यार्थी संख्या न्यून रहेको, सिकाई उपलब्धी नाजुक रहेको, विद्यार्थीहरुको औसत उतिर्ण दर ३० प्रतिशतभन्दा कम रहेको, प्रधानाध्यापकसँगको कार्य सम्पादन करार सम्झौता अनुसार प्रधानाध्यापकले ५० प्रतिशतभन्दा कम अंक प्राप्त गरेको, विद्यालयमा विद्यार्थीहरुको उपस्थिति दर न्यून रहेको, विद्यालयका शिक्षकहरुले मदिराजन्य पदार्थ सेवन गर्ने, जुवातास खेल्ने गरेको, विद्यालयको ५०० मिटरभित्रको क्षेत्रमा मदिरा तथा सूर्तिजन्य पदार्थको विक्रिवितरण र सेवन हुने गरेको, कमजोर व्यवस्थापकीय क्षमता रहेको, अभिभावकहरुको क्रियाशिलता न्यून रहेको लगायत | यस्ता विद्यालयहरुले आफ्नो अवस्था सुधार नगरेमा शैक्षिक शत्र, २०७८ मा कक्षा तह घटाइने वा नजिकैको विद्यालयमा मर्ज गरिने । |
| २. | Y (Yellow Zone) | वर्गीकरणका सूचकहरु Red Zone को विद्यालय भन्दा कम्तिमा ५० प्रतिशतभन्दा बढि राम्रो रहेको | यस्ता विद्यालयहरुले आफ्नो अवस्था सुधार नगरेमा शैक्षिक शत्र, २०७८ मा Red Zone मा राखिने । |
| ३. | G (Green Zone) | वर्गीकरणका सूचकहरु Red Zone को विद्यालय भन्दा कम्तिमा ८० प्रतिशतभन्दा बढि राम्रो रहेको । | यस्ता विद्यालयहरुले आफ्नो अवस्था सुधार नगरेमा शैक्षिक शत्र, २०७८ मा Yellow Zone मा राखिने । |

**निर्णय नं. १४ :-** माथि उल्लेखित निर्णयहरुको कार्यान्वयन गरी एक हप्ताभित्र शिक्षा, युवा तथा खेलकूद शाखाले प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्ने र प्रमुख प्रशासकीय अधिकृतले नगर प्रमुख समक्ष प्रतिवेदन गर्ने ।

चौरजहारी नगरपालिका

शिक्षा, युवा तथा खेलकुद शाखा

## शिक्षक दरवन्दी विवरण

अनुसूची १

| क्र.स. | विद्यालयको नाम | सञ्चालित कक्षा | प्रा.वि. | | | | नि.मा.वि. | | | | मा.वि. | | | उ.मा.वि. | प्रा.धार | जम्मा | बा.वि.के. | | | वि.प्र.स. | संगीत | खेलकुद | वि.क. | का.सहायक | जम्मा | सहयोगी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दरवन्दी | राहत | नगर | जम्मा | दरवन्दी | राहत | नगर | जम्मा | दरवन्दी | राहत | नगर | स्थायी | दरवन्दि | | दरवन्दी | नगर | जम्मा | नगर | नगर | नगर | नगर | दरवन्दि | | | |
| १ | शीतल माबि चौरजहारी | 6–12 | ० | ० | ० | ० | ६ | ० | ० | ६ | १० | ० | ० | ४ | ४ | १८ | ० | ० | ० | ० | १ | १ | ० | १ | ३ | १ | २८ |
| २ | हिमालय माबि खोलागाउं | 1–12 | ४ | ० | १ | ५ | ३ | ० | १ | ४ | ४ | ० | २ | ३ | ० | ९ | १ | ० | १ | १ | १ | १ | ० | १ | ४ | २ | २५ |
| ३ | माबि कोटजहारी | 6–12 | ५ | ० | ० | ५ | ३ | ० | १ | ४ | १ | ३ | ० | २ | ० | ६ | १ | ० | १ | १ | १ | १ | ० | १ | ४ | १ | २१ |
| ४ | माबि खहरे | 1–10 | ४ | ० | १ | ५ | २ | १ | १ | ४ | ० | ० | ४ | ० | ० | ४ | ० | १ | १ | ० | ० | ० | ० | १ | १ | १ | १६ |
| ५ | जनकल्याण माबि सानाखोला | 1–10 | ४ | १ | ० | ५ | ० | ४ | ० | ४ | ० | ० | ४ | ० | ० | ४ | ० | १ | १ | ० | ० | ० | ० | १ | १ | १ | १६ |
| ६ | जनकल्याण माबि खागल | 1–10 | २ | २ | १ | ५ | ० | २ | २ | ४ | ० | ० | ४ | ० | ० | ४ | १ | ० | १ | ० | १ | ० | ० | १ | २ | १ | १७ |
| ७ | जनकल्याण माबि जोगीनेटा | 1–10 | ४ | ० | १ | ५ | ० | २ | २ | ४ | ० | १ | ३ | ० | ० | ४ | १ | ० | १ | ० | ० | ० | ० | १ | १ | १ | १६ |
| ८ | सरस्वती माबि घरेलीचौर | 1–10 | ५ | ० | ० | ५ | ० | २ | २ | ४ | ० | ० | ४ | ० | ० | ४ | १ | ० | १ | ० | १ | ० | ० | १ | २ | १ | १७ |
| ९ | बालहित माबि साक्चाखोला | 1–10 | ३ | १ | १ | ५ | १ | ३ | ० | ४ | ० | १ | ३ | ० | ० | ४ | १ | ० | १ | ० | ० | ० | ० | १ | १ | १ | १६ |
| १० | विजयश्वरी आबि विजयश्वरी | 1–8 | ५ | ० | ० | ५ | ० | २ | २ | ४ | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ११ |
| ११ | आबि मन्कोट | 1–8 | ४ | १ | ० | ५ | ० | १ | ३ | ४ | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ११ |
| १२ | आबि लहरेसिमल | 1–8 | ३ | २ | ० | ५ | ० | २ | २ | ४ | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ११ |
| १३ | कालीका आबि लयांटा | 1–8 | १ | ३ | १ | ५ | ० | ० | ४ | ४ | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | १ | ११ |
| १४ | आबि भुवाटाकुरा | 1–5 | ३ | ० | २ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| १५ | जनसेवा आबि जुम्लीपोखरी | 1–5 | १ | ३ | १ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| १६ | ज्ञानकुञ्ज आबि माथिसर्केना | 1–5 | २ | १ | २ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| १७ | जनज्योती आबि स्यालखोला | 1–8 | ४ | १ | ० | ५ | ० | ० | ४ | ४ | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ११ |
| १८ | आधारभूत विद्यालय नाखिरा | 1–5 | ५ | ० | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | २ | ० | ० | ० | ० | ० | ० | १ | ८ |
| १९ | आधारभूत विद्यालय नार्जी | 1–5 | ३ | १ | १ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| २० | आधारभूत विद्यालय घर्तीकाडां | 1–5 | ३ | १ | १ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| २१ | आधारभूत विद्यालय मानाकोट | 1–5 | ४ | ० | १ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| २२ | जनता आबि विचकटिया | 1–5 | ३ | ० | २ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| २३ | ऐश्वर्य आबि विसाउनेचौर | 1–5 | २ | १ | २ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| २४ | वालकल्याण आबि पेदिखोला | बाल विकास केन्द्र | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | २ |
| २५ | मालिका आबि अमलाटाकूरा | 1–5 | २ | १ | २ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| २६ | कालिका आबि मूलज्यूउला | बाल विकास केन्द्र | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | २ |
| २७ | जनप्रिय आबि लामिछानेगाउं | 1–5 | ० | १ | ४ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| २८ | कालिका आबि गोईरी | 1–5 | ० | १ | ४ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| २९ | गडिदेउराली आबि लेकनार्जी | 1–5 | ० | १ | ४ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| ३० | जनता आबि सिमचौर | 1–5 | ० | ३ | २ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| ३१ | बालज्योती आबि नाख्ला | 1–5 | ० | २ | ३ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| ३२ | जनकल्याण आबि रातामाटा | 1–5 | ० | २ | ३ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| ३३ | जनचेतना आबि तिमिलेपोखरी | 1–5 | ० | ३ | २ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| ३४ | जनज्योती आबि मूलपानी | 1–5 | ० | २ | ३ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | १ | ७ |

| क्र.स. | विद्यालयको नाम | सञ्चालित कक्षा | दरवन्दी विवरण | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रा.वि. | | | | नि.मा.वि. | | | | मा.वि. | | | उ.मा.वि. | प्रा.धार | जम्मा | वा.वि.के. | | | वि.प्र.स. | संगीत | खेलकुद | वि.क. | का.सहायक | जम्मा | सहयोगी | जम्मा |
| | | | दरवन्दी | राहत | नगर | जम्मा | दरवन्दी | राहत | नगर | जम्मा | दरवन्दी | राहत | नगर | स्थायी | दरवन्दि | | दरवन्दी | नगर | जम्मा | नगर | नगर | नगर | नगर | दरवन्दि | | | |
| ३५ | वालकल्याण आवि मूलडाडां | 1–5 | ० | २ | ३ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| ३६ | ज्ञानकूञ्ज आवि कालापाथर | 1–5 | ० | २ | ३ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| ३७ | जनचेतना आवि अंगेरी | बाल विकास केन्द्र | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | २ |
| ३८ | जनआस्था आवि पुरानापानी | 1–5 | ० | १ | ४ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| ३९ | जनकल्याण आवि लामाडाडां | 1–5 | ० | ० | ५ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| ४० | समाजसेवा आवि दोभानखोला | बाल विकास केन्द्र | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | २ |
| ४१ | वालहित आवि नाउली | 1–5 | ० | ० | ५ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ७ |
| ४२ | वालविकास केन्द्र साक्चाटोल | बाल विकास केन्द्र | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | १ |
| ४३ | वालविकास केन्द्र लाखुरीवोट | बाल विकास केन्द्र | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | १ |
| ४४ | वालविकास केन्द्र अधिकारीपाखा | बाल विकास केन्द्र | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | १ |
| | कुल जम्मा | | ७६ | ३९ | ६५ | १८० | १५ | १९ | २४ | ५८ | १५ | ५ | २४ | ९ | ४ | ५७ | ३१ | १३ | ४४ | २ | ५ | ३ | ० | ९ | १९ | ४२ | ४०० |

| | | |
|---|---|---|
| १ | स्थायी दरवन्दी | २०१ |
| २ | राहत दरवन्दी | ६३ |
| ३ | नगर दरवन्दी | १३६ |
| | कूल जम्मा | ४०० |

अनुसूची २

**चौरजहारी नगरपालिका**

**नगर करार शिक्षकहरुको मूल्याङ्कन सूचकहरु**

| क्र.स. | सूचक | अङ्क | कैफियत |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | १० | |
| १.१ | स्नातकोत्तर वा सो सरह | १० | |
| १.२ | स्नातक वा सो सरह | ८ | |
| १.३ | प्रविणता प्रमाणपत्र वा सो सरह | ६ | |
| २ | विषय | १० | |
| २.१ | गणित, विज्ञान वा अङ्ग्रेजी विषयमा स्नातकोत्तर वा सो सरह उतिर्ण | १० | |
| २.२ | गणित, विज्ञान वा अङ्ग्रेजी विषयमा स्नातक वा सो सरह उतिर्ण | ९ | |
| २.३ | गणित, विज्ञान वा अङ्ग्रेजी विषयमा स्नातक वा सो सरह उतिर्ण | ८ | |
| २.४ | गणित, विज्ञान वा अङ्ग्रेजी विषय वाहेकका अन्य विषयमा स्नातकोत्तर वा सो सरह उतिर्ण | ७ | |
| २.५ | गणित, विज्ञान वा अङ्ग्रेजी विषय वाहेकका अन्य विषयमा स्नातक वा सो सरह उतिर्ण | ६ | |
| २.६ | गणित, विज्ञान वा अङ्ग्रेजी विषय वाहेकका अन्य विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण | ५ | |
| ३ | उतिर्ण श्रेणी | ३ | |
| ३.१ | प्रथम | ३ | |
| ३.२ | द्वितिय | २ | |
| ३.३ | तृतिय | १ | |
| ४ | अनुभव | १० | |
| ४.१ | प्रतिवर्ष २ अङ्कका दरले अधिकतम ५ वर्षसम्म | १० | |
| ५ | कार्य सम्पादनस्तर | १० | |
| ५.१ | उत्कृष्ट | १० | |
| ५.२ | राम्रो | ८ | |
| ५.३ | सामान्य | ६ | |
| ५.४ | नराम्रो | ० | |
| ६ | आचरण | १० | |
| ६.१ | उच्च | १० | |
| ६.२ | मध्यम | ६ | |
| ६.३ | निम्न | ० | |
| ७ | करार नियुक्ति मिति | १० | |
| ७.१ | २ वर्ष वा सोभन्दा बढि | १० | |
| ७.२ | १ वर्ष वा सोभन्दा बढि | ८ | |
| ७.३ | १ वर्षभन्दा कम | ६ | |
| ८ | स्थायी ठेगाना | ७ | |
| ८.१ | चौरजहारी नगरपालिकाभित्र भएमा | ७ | |
| ८.२ | रुकुम (पश्चिम) जिल्लाभित्रको भएमा | ५ | |
| ८.३ | जिल्ला वाहिरको भएमा | ३ | |
| | कूल जम्मा | ७० | |

# चौरजहारी नगरपालिका
## नगर करार शिक्षकहरुको मूल्याङ्कन फाराम
### मुल्याङ्कन सुचकहरु र प्राप्ताङ्क

| क.स. | करार शिक्षकको नाम, थर | ठेगाना | कार्यरत विद्यालय | नियुक्ति मिति | नियुक्ति भएको तह | सबैभन्दा माथिल्लो शैक्षिक योग्यता र अध्ययन गरेको मूल विषय वा संकाय | सबैभन्दा माथिल्लो शैक्षिक योग्यताको प्राप्त प्रतिशत | अनुभव (वर्षमा) | शैक्षिक योग्यता (१०) | शैक्षिक योग्यताको मूल विषय वा संकाय (१०) | शैक्षिक योग्यताको श्रेणी (३) | अनुभव (१०) | कार्य सम्पादनस्तर (१०) | आचरण (१०) | नियुक्ति अवधि (१०) | स्थायी ठेगाना (७) | जम्मा (७०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |